जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १४, अङ्क- २०, २०८२ मंसिर २५ गते विहीबार, 11 Dec 2025, नेपाल सम्वत्-११४६ पृष्ठ-६, मूल्य रु. ५/-

पीडामा डुबेर भग्नावशेष हटाउँदै घरधनीहरु

अदालतको फैसला कुर्दै प्रशासन

○ सहीखबर संवाददाता



मकवानपुर । बागमती प्रदेश राजधानी रहेको हेटौंडा बजार क्षेत्रको राष्ट्रिय राजमार्ग विस्तारको लागि सडक सीमामित्र पर्ने घर भत्काइएपछि उक्त क्षेत्र अस्तव्यस्त छ । सडक किनार तथा पेटीमा घर भत्काइएका इट्टा तथा सिमेन्टका टुक्रा थुपारिएको छ भने त्यही व्यवसायीहरूले सेल मेला लगाएका छन् । आम सर्वसाधारणहरू जोखिम मोलेर त्यही सडक किनाराबाटै हिँड्न बाध्य छन् ।

२० मंसिर शनिबार एका बिहानै हेटौंडा क्षेत्रमा पर्ने पूर्व पश्चिम राजमार्ग र त्रिभुवन राजपथको सिमा मित्र पर्ने २५ गज क्षेत्रका घर तथा संरचना प्रशासनको समन्वयमा डिभिजन सडक कार्यालयले भत्काउनु सुरू गरेको थियो ।सडक भत्काउन सुरू गरिएको करिब २० घण्टापछि सर्वोच्च अदालतको आदेशका कारण संरचान भत्काउने कार्य स्थगित गरेपछि हेटौंडा बजार क्षेत्रको अवस्था अस्तव्यस्त बनेको हो ।

२६ मंसिरमा अदालतले छलफलको लागि बोलाएको छ भने यो अवधीमा भत्काएर बाँकी रहेको आफ्नो संरचान आफैं हटाउन र सरसफाइ गर्न डिभिजन सडकले भनेको छ । अदालतले अब दिने आदेशलाई हेरेर सडक विस्तारले निरन्तरता पाउने कार्यालयले जनाएको छ ।

बुद्धचोकदेखि उत्तरतर्फ बाटो नै बन्द गरेर भत्किएका घरको व्यवस्थापन गरिदै गरेको देखिन्छ। भत्किएका संरचनाहरूको भग्नावशेष व्यवस्थापन हुन सकेको छैन भने अर्को तर्फ सवारी आवागमनमा समेत असहजता देखिएको छ । यद्यपी हेटौंडा बजार क्षेत्रको भत्किएका संरचना व्यवस्थापनमा स्थानीयहरू लागी परेका छन् ।

मुख्य बजार क्षेत्रम सवारी आवागमनमा रोकेर भत्किएका संरचनाहरू हटाउन स्थानीयहरू सक्रिय देखिन्छन् । उक्त कार्यमा सघाउन सडक विस्तार र निर्माण कार्यलाई सहज बनाउन तथा ट्राफिक व्यवस्थापनलाई मध्यनजर गर्दै स्थानीय प्रशासनले बजार क्षेत्रमा सवारी साधन सञ्चालनमा कडाइ गरेको छ । बुधबारदेखि हेटौंडाको मुख्य बजार क्षेत्रको बुद्धचोकदेखि चौकीटोल ओरालोसम्म बिहान ६ बजेदेखि बेलुका ६ बजेसम्म सवारी साधन आवागमनमा रोक लगाइएको छ । भत्किएको संरचनाको व्यवस्थापन छिटो सक्ने अपेक्षा सहित सवारी डाइभर्ट गरेर काम भइरहेको बताइएको छ ।

बजार क्षेत्रलाई कुरूप र दुर्गन्धित हुन नदिन हेटौंडा उपमहानगरपालिकाले पनि पहल थालेको छ । उपमहानगरले सडकमा थुप्रिएका फोहोर र भग्नावशेष संकलन कार्य गरिरहेको छ । डोजर र ट्रिपरको प्रयोग गरी सडक सफा गर्ने काम उपमहानगरले गरिरहेको छ ।

हेटौंडा उपमहानगरमित्र पर्ने राष्ट्रिय लोकमार्गहरुको सडक सीमा संरक्षण कार्यक्रम, २०८२ लाई सर्वोच्च अदालतको उत्प्रेषण आदेशका कारण स्थगित गरिएको सडक डिभिजन प्रमुख गुरूप्रसाद अधिकारीले जानकारी दिए ।

सडक डिभिजनले शनिबार एकैदिन करिब ५०० वटा घर भत्काएपछि अदालतको आदेशले तत्कालको लागि उक्त कार्य रोकिएको भएपनि भत्काइएको घरबाट सामन निकाल्न दुई दिनको समय दिइएको उनले बताए ।

'सडक सीमा संरक्षण अभियानको क्रममा प्रकाशित सूचनाका विरूद्ध केही सरोकारवालाहरुबाट सम्मानित सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएको र सर्वोच्च अदालतबाट मिति २०८२/०८/१९ मा जारी उत्प्रेषण आदेश मिति २०८२/०८/२१ गते म्याद तामेल भएकोले अदालतको आदेशलाई सम्मान गर्दै सूचनामा उल्लेख गरिएका कार्यहरु हाललाई स्थगन गरिएको उनले जानकारी दिए ।

पूर्वप्रतिनिधिसभा सदस्यसमेत रहेकी स्थानीय विन्दवासिनी कंसाकारले दायर गरेको रिटमा अदालतका न्यायाधीश मेघराज पोखरेलको एकल इजलासले शुक्रबार सडक विस्तारको सूचना कार्यान्वयन नगरी यथास्थितिमा राख्नु, राख्न लगाउनु भन्दै सडक डिभिजन कार्यालय हेटौंडाको नाममा अल्पकालिन आदेश जारी गरेको थियो । उनले अन्तरिम आदेश माग गर्दै गत १६ मंसिरमा सडक डिभिजनविरूद्ध रिट दायर गरेकी थिइन ।

५० वर्ष पछि ऐन कार्यान्वयनमा

सडक ऐन लागु भएको ५० वर्षपछि हेटौंडाको बजार क्षेत्रको लागि पहिलो पटक लागु भएको छ । देशकै प्रमुख शहर हेटौंडामा २०११ सालपछि बस्ती बस्न थालेको हो । मध्यमाञ्चल क्षेत्रको सदर मुकाम तोकिएको हेटौंडा संघीयता पछि बागमती प्रदेशको राजाधानी छ । प्रजातन्त्र र गणतन्त्र दुवै राज्य व्यवस्थाको राजधानी देशको मध्यभागको शहर हेटौंडाको सडकको अवस्था भने कमजोर बन्दै गएको थियो ।

सडक ऐन २०३१ मा लागू भएपछि हेटौंडाको मुख्य सडक विस्तार गर्ने विषयले प्राथमिकता प्राप्त गरेको हो । तर ५० वर्षको अवधिमा समेत राजनैतिक तथा व्यवसायिक कारण उक्त विषय कार्यान्वयनमा आउन नसकेको हो ।

सार्वजनिक सडक ऐन, २०३१ जारी भएर २०३३ सालमा पहिलो पटक सरकारले राजपत्रमा सडक सीमाबारे सूचना प्रकाशित गरेको हेटौंडाका पुराना जनप्रतिनिधिहरु बताउँछन् । ५० वर्ष पहिलेदेखिको सडक सीमाको विवाद शनिबारबाट टुंगिने बाटोमा आएको हो । सडक डिभिजन हेटौंडाले एसियन होइवे निर्माणका लागि हेटौंडाको मुख्य बजार क्षेत्रमा निर्मित घरटहरा र संरचना हटाएर सडक विस्तार सुरू गरेसँगै ५ दशकको विवाद तथा अन्यौलता हट्ने भएको हो ।

दूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरेर सडक डिभिजन हेटौंडाले सडक सीमाको केन्द्रदेखि २५/२५ गज (७५/७५ फिट) मित्र यसअघि नै रेखांकन गरिएका घरटहरा र संरचनाहरु भत्काएको हो । रातोमाटेदेखि कर्रा चोक, मेनरोड, बुद्धचोक, राप्तिरोड, पिपलबोट हुँदै चौकिटोल क्षेत्रका सडक सीमामित्र निर्मित घरटहराका भत्काएर क्षतविक्षत बनाइएको छ ।

पूर्व पश्चिम महेन्द्र राजमार्गको रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म र त्रिभुवन राजपथको बुद्धचोकदेखि सामरी पुलसम्मको ८ दशमलव ५ किलोमिटर सडक विस्तार हुँदैछ । सडकको केन्द्रबिन्दुबाट २५/२५ गजभित्र सडकको दायाँतर्फ ३ सय ३४ वटा र बायाँतर्फ ३ सय ९७ वटा घर, टहरा र संरचना भत्काउनु पर्नेमा करिब ५ सय घर भत्काइएको छ ।

सार्वजनिक सडक ऐन २०३१ जारी भएदेखि बजारको मुख्य सडक फराकिलो पार्ने चर्चा हुने गरेको पञ्चायतकालका ५ नम्बर वडाका वडाअध्यक्ष, २०४९ र २०५४ सालका हेटौंडा नगरपालिकाको उपमेयर हरिबोल महत बताउँछन् ।

'२०३१ सालबाटै बजारको सडक फराकिलो बनाउनुपर्ने विषय उठेको हो' २०७४ सालमा हेटौंडा मेयर समेत रहेको महतले भने । 'मुआब्जाको विवाद निकालेर

बाँकी पेज ३ मा

बजार क्षेत्र अस्तव्यस्त

○ सहीखबर संवाददाता

मकवानपुर । हेटौंडा बजारको राष्ट्रिय राजमार्गको सिमा क्षेत्र मित्रको मुख्य सडक विस्तारका क्रममा भत्काएका संरचनाका कारण बजार क्षेत्र अस्तव्यस्त रहेको छ । सडक डिभिजन कार्यालयले भत्काएको संरचनाको कारण सुरक्षा जोखिम समेत बढेको छ ।

सडक सीमामित्र परेका घर भत्काउँदा बनेका भग्नावशेष, आधा भत्रेका भवनका भाग, असरल्ल झुन्डिएका तार तथा फुटपाथमै थुप्रिएका सामग्रीले चुनौती थपेको हो ।

सुरक्षाकर्मी परिचालन गरेर एकैदिन राप्ती रोड, मेनरोड, बुद्धचोक, रातोमाटे र पिपलबोट क्षेत्रसम्मका संरचनाहरू भत्काइएको थियो ।सडक विस्तार को काम रोकिएको अवस्थामा हेटौंडा बजार क्षेत्र अस्तव्यस्त भएको छ।

फुटपाथमा नै ढलेका विद्युत् पोल, झुन्डिएका बिजुली तथा इन्टरनेटका तार, सडकमा छरिएका असरल्ल तार, सडक किनारमा ढलेका अशोकका रूख र थुप्रिएका इँटा रड तथा ढलानका टुक्राका कारण पैदलयात्रुले सास्ती बेहोरेका छन् । सवारी यातायात समेत अस्तव्यस्त भएको छ । मुख्य सडकमै यात्रु हिँड्न बाध्य भएका छन् ।

फोहोर समेत थुप्रिँदा हेटौंडा बजार जोखिमपूर्ण र अस्तव्यस्त बनेको हो । भत्किएका सटरमुनि व्यापारीहरुले जुत्ता, लत्ताकपडा, तरकारीदेखि ब्यागसम्मका सामान सडक छेउमै फिँजाएर बेचिरहँदा दुर्घटनालाई बढाएको छ । संरचना जुनसुकै बेला ढल्न सक्ने जोखिम रहेको समेत रहेको छ ।

रैथाने बालीको न्यूनतम मूल्य कायम

○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरगढी गाउँपालिकाले ८ वटै वडामा उत्पादन हुन रैथाने बालीहरुको न्यूनतम समर्थन मूल्य निर्धारण गरेको छ ।

पालिकाले चालु आव २०८२/८३ का लागि कृषि उपजहरुको मूल्य तोकेको हो । कोदो र धानको न्यूनतम समर्थन मूल्य प्रतिकेजी ६० रूपैयाँ, तिते फापर को ९० रूपैयाँ, मिठे फापरको १ सय ५ रूपैयाँ, जुनेलोको प्रतिकेजी ८४ रूपैयाँ तोकेको छ । यसैगरी सेतो सिमिको मूल्य १ सय २० रूपैयाँ, कालो सिमिको मूल्य प्रतिकेजी १ सय ३० रूपैयाँ निर्धारण गरिएको गाउँपालिकाले जनाएको छ ।

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

सडक विस्तार र चुनौती

पटक पटकको प्रयासपछि हेटौंडाको सडक विस्तार सुरू भएको छ । घरधनी व्यवसायी र प्रशासनको रस्साकस्सी पछि गत शनिबार पूर्वपश्चिम राजमार्ग र त्रिभुवन राजपथ अन्तर्गतको बजार क्षेत्रमा सडक ऐन अनुसार सिमा क्षेत्रमा बनाइएका घर भत्काइएको छ । प्रशासनले घर भत्काएको भोलीपल्ट आइतबार अदालतको स्टे अडर्सको कारण विस्तारको कार्य रोकिएको बताएको छ । सडक विस्तारले दीर्घकालीन रुपमा हेटौंडालाई फाइदा पुर्‍याउनेमा दुई मत कसैको नहोला । पूर्वपश्चिम र काठमाडौं जोड्ने सवारी साधनको आवतजावत छिटो र सहज हुने सडक प्रदेश राजधानी समेत रहेको हेटौंडाको व्यवस्थित पेटीसहितको फराकिलो बनाउन अपरिहार्य छ ।

लामो समयदेखि चर्चा, विवादको विषय बन्दै आएको सडक विस्तार विषयले गति लिने नलिने अदालतको शुक्रबार वा त्यसपछि आउने आदेशले निर्धारण गर्छ । तर राजमार्ग क्षेत्रको सडकका कारण हेटौंडाको विकासमा असर परिरहेको बताइरहँदा मानविय पक्षलाई नहेरी सडक विस्तार को कार्यले धेरैको उठिबास लागेको छ ।सडक विस्तारले स्थानीय बासिन्दा र व्यवसायी मर्कामा छन् ।संरचना भत्काउँदा पीडित भएकाले मुआब्जाको माग गर्दै आएका छन् । तर सर्वोच्च अदालतको २०८० सालको आदेशले २५ गज भन्दा बढी संरचना भत्काउनु पर्दा मात्रै मुआब्जा दिनु पर्ने भनी व्याख्या गरेको छ ।

हेटौंडाको सडक विस्तार नहुनु दीर्घकालीन विकास र घरधनी व्यवसायी र मुआब्जाको द्वन्द्व हो ।एकतर्फ कानून अनुसार राष्ट्रिय राजमार्गलाई फराकिलो बनाउनु अपरिहार्य छ भने, अर्कोतर्फ वर्षौंदेखि बसोबास गरिरहेकालाई मुआब्जाको विषष चुनौतीपूर्ण बनेको छ। भत्किएका घरधनीहरुले उचित मुआब्जा नपाए आन्दोलन गर्ने चेतावनी समेत दिएका छन् । सर्वोच्चको उक्त आदेशले धेरैले न्याय पाउने देखिदैन् । यसको लागि प्रशासन, उद्योग वाणिज्य संघ तथा बास्तविक पीडित सहितको संयन्त्र बनाएर दुंगो लगाउनु पर्ने देखिन्छ ।

यसपालिको मेरो भोट लोकतन्त्रलाई



खडकसिंह रावल

नेपालको संविधानले नेपाली जनताको सार्वभौम अधिकारको रुपमा निर्दिष्ट गरेको मताधिकारको मूल्य र मान्यताबारे हामी अझै अभ्यस्त भइसकेका छैनौं ।

सामान्य बोलीचालीको भाषामा मतदान भनिएता पनि हामी अझै मतको दान नगरी बिक्री गर्ने प्रवृत्तिमै छौं भन्दा अत्युक्ति हुँदैन । विगतमा सम्पन्न आम निर्वाचनले यस्तो प्रवृत्ति हामीमा अझै कायमै छ भन्ने प्रस्ट पारेको छ ।

मतदान भनेको आफूले रोजेको, स्वच्छ र पारदर्शी व्यक्तिलाई मत दिने हो । त्यसरी कुनै दल वा व्यक्तिलाई दिएको मतको दानले भोलीका दिनमा आफूलाई पार्ने प्रभाव, उक्त व्यक्ति वा दलको प्रकृतिबारे राम्रो जानकार हुनुपर्छ ।

कानुनी रुपमा स्पष्ट परिभाषित नभए पनि मतदाताको शिक्षा र चेतना निर्वाचनको प्रभावकारिताको अपरिहार्य तत्व हो ।

विगतमा हामीले आफ्नो मतको दान गरेको भए पक्कै पनि आज देशमा यस्तो हविगत, बेतिथि तथा लाचारी व्यहोर्न नपर्ने हुन्थ्यो होला । विविध शैलीका प्रलोभनको आधारमा भएको निर्णयले हामीलाई मात्रै अप्ठेरोमा पारेको छैन । निर्वाचन मार्फत जितेर गएका विजयी उम्मेदवारहरु पनि चुनावको खर्च उठाउने वा अर्को चुनावका लागि लगानीको तयारीमा केन्द्रित हुने समस्या देखिने गरेको छ ।

विजयी नेताको अकर्मण्यता तथा मतदाताको नैतिक धरातल कमजोर हुने अवस्थाले उत्तरदायित्व एवं जबाफदेहिता समेत सङ्कटमा पुग्ने अवस्था सिर्जना हुन पुग्यो । देश जनताले चलाउने हो । नेताले होइन । विडम्बना नै भन्नुपर्छ हाम्रो देश भने पार्टी र पार्टीका मुखियाले चलाउँछन् ।

उनीहरुले देश चलाउँदा आफ्नो पार्टीको सानो घेरा बाहेक केही हेर्दैनन् । उनीहरुको गल्तीमा औला उठाउने कोही हुँदैनन् । निर्वाचनताकाको लेनदेनका कारण ठुलो सङ्ख्याका मानिसहरुको आलोचनात्मक चिन्तनमा बिर्को लाग्छ । हाम्रो अधोगतिको सुरूवात त्यही बिन्दुबाट हुन्छ । यसैको गलत फाइदा गलत नेताहरुलाई पुग्न जान्छ ।

आफ्नो मतको दुरूपयोग हुनसक्ने बारे खबरदारी गर्नुपर्ने जिम्मेवारीबाट च्युत हुनुको परिणाम देशले गत भदौ २३ र २४ को घटना भोग्नुपर्‍यो । त्यही जिम्मेवारीको सन्दर्भ जेनजीहरूले उठाएका हुन् ।

देशको धरातलीय अवस्थाबारे नेता र उसका सहायकहरु जानकार हुँदैनन् । देशको आर्थिक अवस्था, सरकारले जनतालाई दिनुपर्ने आधारभूत सुविधाको अवस्था जस्ता आधारभूत विषय नै गौण हुन पुग्छन् । त्यसो हुँदा देश विकासको बाटोमा पछाडि पर्दै जान्छ । यी सबैको मूलमा निर्वाचनताका जनताको एउटा पङ्क्तिले सित्तैमा खाएको एक थाल भात आड्पुग्छ ।

आफ्नो मतको दुरूपयोग हुनसक्ने बारे खबरदारी गर्नुपर्ने जिम्मेवारीबाट च्युत हुनुको परिणाम देशले गत भदौ २३ र २४ को घटना भोग्नुपर्‍यो । त्यही जिम्मेवारीको सन्दर्भ जेनजीहरूले उठाएका हुन् । उनीहरु खबरदारीकै लागि सडकमा आएका हुन् ।

०४६ सालयता हामी विविध स्वरुपका बहुदलीय निर्वाचनमा भाग लिँदै आएका छौं । यस क्रममा विभिन्न दल तथा

देशको धरातलीय अवस्थाबारे जानकार हुँदैनन् । देशको आर्थिक अवस्था, सरकारले जनतालाई दिनुपर्ने आधारभूत सुविधाको अवस्था जस्ता आधारभूत विषय नै गौण हुन पुग्छन् । त्यसो हुँदा देश विकासको बाटोमा पछाडि पर्दै जान्छ । आफ्नो मतको दुरूपयोग हुनसक्ने बारे खबर दारी गर्नुपर्ने जिम्मेवारीबाट च्युत हुनुको परिणाम देशले गत भदौ २३ र २४ को घटना भोग्नुपर्‍यो । त्यही जिम्मेवारीको सन्दर्भ जेनजीहरूले उठाएका हुन् । उनीहरु खबरदारीकै लागि सडकमा आएका हुन् ।

नेताहरुले आफ्ना घोषणापत्रमार्फत योजना तथा कार्यक्रमका खाका प्रस्तुत गरेकै छन् । निर्वाचन पश्चात् ती घोषणापत्र, कार्यक्रम तथा एजेन्डाको कार्यान्वयनको मूल्याङ्कन तथा लेखाजोखा भने हुने गरेकै छैन । त्यही कारण पनि हुनुपर्छ घोषणा पत्रमा हुने निर्जीव निबन्ध पढ्ने जाँगर समेत अधिकांशमा देखिन्न ।

यस्तो थिति सधैं देशले भोल्न सक्दैन । नेपाली राजनीतिमा गलत राजनीतिको हालीमुहाली सधैं रहनु हुँदैन । अब प्रत्येक नागरिकले सरकारसँग प्रश्न गर्न सक्ने गरी आफ्नो मतको सदुपयोग गर्नुपर्छ । मतदाताको अधिकार र कर्तव्य राम्रोसँग ठम्याउन सक्नुपर्छ । राज्य, सरकार तथा आफ्ना जनप्रतिनिधिलाई जबाफदेही बनाउने नैतिक हक राख्नुपर्छ ।

चिटिक्कको अनुहार देखाएर हाम्रो मत लुट्नेहरुलाई पाखा लगाई देश जनताको हितमा सोच्नेलाई आफ्नो मत दिने साहस गर्नुपर्छ ।

आफ्नो अधिकारकै मात्र पनि पूर्ण एवं सही उपयोग गर्न सकेको अवस्थामा देशमा सुशासन सम्भव छ । जनताले सोचे जस्तो सरकारको निर्माणले देशले आर्थिक उन्नति गर्नबाट कसैले पनि रोक्न सक्दैन । अब हिम्मत गर्ने पर्छ । आफ्नो मतको सही उपयोग कहाँ हुने हो यस तर्फ गम्भीर रुपमा विचार गर्नुपर्छ ।

चिटिक्कको अनुहार देखाएर हाम्रो मत लुट्नेहरुलाई पाखा लगाई देश जनताको हितमा सोच्नेलाई आफ्नो मत दिने साहस गर्नुपर्छ । गलत व्यक्तिलाई मत दिँदै गर्दा तत्कालका लागि एक थाल मासुभात त मिल्ला तर सही व्यक्तिको छनौट हुन नसक्दा अधिकांश परिवारहरु भोको रहनु पर्ने हुन्छ । त्यसैले यस विषयमा सबै मतदाता सचेत रहनु आवश्यक छ ।

यो चुनाव अरु कसैको होइन । हाम्रो हो । मतदाताको हो । मतले कहिल्यै पनि धनी र गरिबलाई छुट्टयाउँदैन । धनीको एक मत र गरिबको एक मत बराबर हुन्छन् । अत: आवेग नरोजौं । तत्कालीन प्रलोभनमा नफरौं । राम्रो उम्मेदवार र पार्टी खोजौं । राम्रो रोजौं । आउने निर्वाचनमा आफ्नो मत विकासका लागि सुनिश्चित गरौं ।

दृढता पूर्वक आफ्नो भोट नेपालको लोकतन्त्र र विकासका लागि हो भन्ने हिम्मत गरौं ।

रातोपाटीबाट साभार

सहीखबर

समाचार/विविध

www.saheekhabar.com

२०८२ मंसिर २५ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

अदालतको फैसला...



पहिल्यैदेखि काम हुन नसकेको हो । मुआब्जा करौले पाउने स्थिति देखिँदैन,' उनले भने ।

२०५१ सालमा सुकुम्बासी समस्या समाधान आयोग मकवानपुरका अध्यक्षसमेत रहेका संविधानसभा सदस्य अनन्त पौडेल पनि ५० वर्षदेखि सडक विस्तारको विषय उठिरहेको बताउँछन् ।

'त्यतिबेला केहीले मुआब्जा लिए, बजारका दूलाबढाहरुले मुआब्जा लिन मानेनन् । मुआब्जा लिने नलिने दुवैले घरहरु किनबेच हुँदै आए । सुरूदेखि नै अन्यौलको वातावरण बनिरहेको थियो,' पौडेलले भने ।

३१ सालमा सडक ऐन जारी भएपछि ३५ गजको क्षेत्र राज्यको भनेर ३३ सालमा राजपत्रमा प्रकाशित गरेको पौडेलले बताए । त्यति बेलादेखिकै यसको संघर्ष सुरू भएको थियो ।

सुकुम्बासीलाई राजमार्गको जग्गा

पूर्वपश्चिम राजमार्गको हेटौंडा क्षेत्रको जग्गा भूमिहीन सुकुम्बासीलाई बाडिएको छ । तत्कालीन सुकुम्बासी समस्या समाधान आयोगले २०५१ सालपछि सडक सीमामित्रकै जग्गा भूमिहीन सुकुम्बासीलाई उपलब्ध गराएको थियो । आयोगले कर्रा पुल पारी हेटौंडा ८ र ९ को सडक किनारमा भूमिहीन सुकुम्बासी ४० घरधुरीलाई लालपूर्जासहित जग्गा उपलब्ध गराएको थियो ।

हेटौंडा ८ तर्फ लक्ष्मण राई, भक्तबहादुर राई, प्रेम बहादुर राई, सुरवीर तामाङ, रामेश्वर श्रेष्ठ, विमान तामाङलाई पूर्जा दिइएको थियो । ९ नम्बर वडाको नरहरि सुवेदी, तीर्थ दास मानन्धर, सिताराम अधिकारी, गुलाम हुसेन, अवसर मिया, कृष्ण बहादुर थापा, जितबहादुर परियार, नीलबहादुर ठकुरी, कृष्णप्रसाद खनाल, मोहन कुमार कार्की, ईश्वरी प्रसाद सुवेदी, अनन्त प्रसाद सुवेदी र उमानाथ अर्याल लगायतलाई आयोगले जग्गा उपलब्ध गराएको थियो ।

कबुलियतनामा गरेर घर

हेटौंडा उपमहानगरपालिकाको राजमार्ग क्षेत्रमा बनेका घरका घरधनीहरुले राज्यले चाहेको बखत आफैले संरचना भत्काउने कबुलियतनामा गरेर घर बनाएको पाइएको छ । उक्त कबुलियतनामा पत्र उपमहानगरपालिकासँग सुरक्षित रहेको छ ।

विभिन्न मितिमा घर, व्यावसायिक भवनलगायतका अन्य व्यावसायिक प्रयोजनका संरचनाको नक्शापास गर्दा हेटौंडा उपमहानगरपालिका (तत्कालीन नगर पञ्चायत र नगरपालिका)मा राज्यले चाहेको बखत निर्माण गरिएका संरचना हटाइदिने कबुलियतनामा गरेको नगर पालकिाले जनाएको छ ।

यसरी कबुलियतना गरेर बनाइएका घर तथा संरचना करिब ३ सयवटा रहेको उपमहानगरले जनाएको छ । कतिपयले नक्सा पास नै नगरेकाले उनीहरुको कबुलियतनामा छैन । उपमहानगर पालिकासँग ३ सय ९८ जनाले राज्यले चाहेको बेला सडक सीमाक्षेत्रमा बनेका संरचना हटाइदिने सहमति गरेको हुन् । कबुलियतनामा गर्दा घरधनीहरुको कित्ता नम्बर, सडक ऐनले तोकेको सडक अधिकार क्षेत्रको नापजाँच, सडक विस्तार हुँदा छोड्नुपर्ने क्षेत्रफल स्पष्टरसँग तोकिएको छ ।

सडक अधिकार क्षेत्र र सेटब्याकसम्बन्धी कबुलियतनामा सम्बन्धित घरधनीहरुले हस्ताक्षर र औंठा छाप लगाएको देखिन्छ । कबुलियतनामा गर्ने निकायमा उच्च पदस्त अधिकारी, राजनीतिज्ञ लगायत रहेको बताइएको छ ।

घरधनीहरुले कबुलियतनामा मुआब्जा माग गरेर 'कहीं कतै कुनै उजुर बाजुर' नगर्ने शर्तसहित नक्शापास लिएका मध्ये एक हुन्, बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलको परिवार ।

मकवानपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष तथा हेटौंडा बसोबास संरक्षण समितिका सहसंयोजकसमेत रहेका उत्तमशर्मा ढकालले समेत हेटौंडा ४ नम्बर वडाको जग्गामा बनाउँने घर, पर्खालको नक्सा पेस गर्दा पश्चिमतर्फ राजमार्गमा ३१ मिटर छोडेर घर बनाउनुपर्नेमा नभएको भन्दै कबुलियतनामा गरेको देखिएको छ ।

उपमहानगरपालिकासँग कबुलियतनामा गर्नेमा इतिहास खोजकर्ता केदार न्यौपानेसमेत छन् । १० नम्बर वडाको राप्तिरोडमा सडक अधिकार क्षेत्रभित्र घर बनाएपछि नक्शापास गर्दा राज्यले चाहेको बेला आफैं भत्काइदिने कबुलियतनामा उनले पनि गरेका छन् ।

अदालतको आदेशले रोकिएको थियो पटकौं प्रयास

राजमार्ग क्षेत्रको सडक सिमा भित्रको घर तथा संरचना भत्काउन सडक डिभिजन कार्यालयले पटक पटक सूचना गरेपनि घरधनीहरुले मुआब्जा माग्दै सर्वोच्च अदालतमा पटक पटक मुद्दा दायर गर्दा सडक विस्तार कार्य अगाडि बढ्न सकेको थिएन । अदालतमा सडक सीमा क्षेत्रमा निर्मित घर, संरचनाका धनीहरुबाट ३ सय ४३ वटा मुद्दा दायर भएको तथ्याङ्क छ ।

१६ असार २०७३ मा सूचना निकालेर सडक सीमा अतिक्रमण हटाउने प्रक्रिया थालनी भए पनि सर्वोच्च अदालतबाट स्टे अर्डर प्राप्त भएकाले काम रोक्नु परेको थियो ।

१० असार २०८० मा पुनः सूचना प्रकाशित गरिएको तर १४ जना सरोकार वालाबाट उत्प्रेषणसमेतको आदेश माग भएकोले काम रोक्नु परेको डिभिजन प्रमुख गुरू प्रसाद अधिकारी बताउँछन् । सडक विस्तारको लागि कार्यालयले २०७३, २०७६, २०८० र २०८१ मा गरेर चार पटक सूचना निकालेको कार्यालयले जनाएको छ ।

उच्च अदालत पाटनमा दायर रिटमा फैसला गर्दै १९ माघ २०७३ मा 'रिट निवेदकको माग बमोजिम अन्तरिम आदेश जारी गर्नुपर्ने अवस्था देखिएन' भन्ने आदेश दिएको थियो । १० असार २०८० मा प्रकाशित सडक विस्तार सम्बन्धी सूचना उपर दायर रिट १६ पुस २०८० मा सर्वोच्च अदालतले खारेज गरेको थियो ।

'तत्कालीन राजमार्ग व्यवस्था ऐन, २०३१ बामोजिम मिति २०३१/११/११ मा प्रकाशित सूचना बमोजिमको राजमार्गको क्षेत्र घोषित सडकको केन्द्रबाट दायाँ बायाँ २५/२५ गजसम्मको जग्गाको हकमा क्षतिपूर्ति वा मुआब्जा दिनु नपर्ने गरी सर्वोच्च आदेश दिएको थियो ।

'निवेदकले जानीजानी सडक क्षेत्र अतिक्रमण गरी घरटहरासमेतको संरचना निर्माण गरी उपभोग गरेको आधारमा सडक क्षेत्रमा निवेदकको अधिकार सिर्जना हुन नसक्ने हुँदा अतिक्रमित क्षेत्रबाट हटाउँदा निवेदकको सम्पत्तिको हक, आवासको हकसमेतको संविधानको धारा २५ र ३७ द्वारा प्रदत्त संवैधानिक हकमा प्रतिकूल असर पर्छ भन्न नमिल्ने' फैसला सर्वोच्चले गरेको छ ।

१४ पुस २०७३ मा सडक विस्तारको लागि पहिलो पल्ट चल्यो डोजर

हेटौंडामा १४ पुस २०७३ पहिलोपटक सडक विस्तारका लागि डोजर चलेको थियो । तत्कालीन क्षेत्रीय प्रशासक विनोद केसीको पहलमा सडक विस्तारको काम अघि बढाइएको थियो।

त्यतिबेला मनहरीदेखि राप्तीर ोडसम्मका घरटहरामा डोजर चलेको थियो । तर, सडक डिभिजनको डोजर मुख्यबजार क्षेत्रको राप्तीरोडमा रहेको नेपाल टेलिकमदेखि अगाडि बढ्न खोज्दा घरधनी र व्यवसायीहरुको आन्दोलन चर्किन पुगेको थियो ।

आन्दोलनका क्रममा प्रहरी र स्थानीयको झडपसँगै सडक विस्तार रोकिन पुग्यो । सर्वोच्चको अन्तरिम आदेशले तत्काललाई घर भत्काउन रोकेपनि २०७३ सालमै ३ सय ४१ वटा मुद्दाको सुनुवाइपछि सर्वोच्चले सडक विस्तारका लागि २५ गज क्षेत्र (करिब २३ मिटर) प्रचलित कानूनअनुसार विस्तार गर्न फैसला गरेको थियो ।

अतिक्रमित संरचना भत्काउने नीतिगत निर्णय

२०७४ सालमा स्थानीय तहको निर्वाचनपश्चात् हेटौंडा उपमहानगरपालिकाले पहिलो नगरसभाबाट सडक क्षेत्रको दायाँबायाँ २५/२५ मिटर क्षेत्रमा बनेका घरटहरा हटाई सडक विस्तार गर्ने प्रस्ताव पारित गरी नेपाल सरकारसमक्ष पत्राचार गरेको थियो ।

राजमार्ग विस्तार गर्दा घर जग्गाको क्षतिपूर्ति नदिई घर नभत्काउन भन्दै नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई विपक्षी बनाएर हेटौंडा १० निवासी देवीलाल श्रेष्ठले रिट निवेदनमा समेत सर्वोच्च अदालतले २०७५ जेठ २ गतेको फैसलाबाट रिट खारेज गरिदिएको थियो ।

उपमहानगरपालिकाको १६ असार २०८० शनिबार बसेको १३ औं नगर सभाको दोस्रो बैठकले बजार क्षेत्रको सडक विस्तार गर्ने सर्वसम्मत रूपमा निर्णय गरेको थियो ।

सडक डिभिजन हेटौंडाले सडकको दायाँबायाँ २५/२५ मिटर भित्र रहेका घर टहरा ३५ दिनभित्र हटाउन भन्दै १० असार २०८० मा सूचना जारी गरेको थियो । त्यसपछि गत ५ मंसिरमा १५ दिनको सूचना जारी भएको हो ।

सडक डिभिजनले गत ५ मंसिर मा महेन्द्र राजमार्गको रातोमाटेदेखि बुद्धचोकदेखि हुँदै राप्ती पुलसम्म र त्रिभुवन राजपथको बुद्धचोकदेखि सामरी पुलसम्मको सडक सीमा २५/२५ गज (७५/७५ फिट) विस्तारका लागि भन्दै सडक सीमामित्रका घरटहरा, संरचना हटाउन १५ दिने अल्टिमेटम दिँदै सूचना निकालेको थियो ।

मुआब्जा, जग्गा स्वामित्व र पेचिलो कानुनी प्रक्रिया

सडक डिभिजनले हाल २५ गज (२२.५ मिटर) सीमा भित्रका संरचना हटाए पनि एशियन हाइवे मापदण्डअनुसार २५ मिटर सडक चौडाइ कायम गर्न थप २.५ मिटर जग्गा अधिग्रहण आवश्यक छ। तर त्यसका लागि सार्वजनिक सूचना, लगत संकलन, मुआब्जा निर्धारण र वितरण जस्ता लामो कानुनी प्रक्रिया पूरा गर्नुपर्नेछ।

यसबाहेक स्थानीय तहले अनिवार्य गरेको ६ मिटर 'सेटब्याक' व्यवस्था र एशियन हाइवे मापदण्डअनुसार सडकको सम्पूर्ण जग्गा सरकारको नाममा हस्तान्तरण गर्नुपर्ने अर्को कानुनी बाटो पनि बाँकी छ। यो अनुसार सडक क्षेत्रको सिमाबाट ३१ मिटर कायम हुन आउने देखिन्छ । मुआब्जा विवाद विगतदेखि नै र हुँदै आएको हुँदा यसपटक पनि सडक क्षेत्र क्लियर भएर निर्माण हुन लामो समय लाग्ने देखिन्छ।

सडक डिभिजन प्रमुख गुरूप्रसाद अधिकारी भने अदालतको अल्पकालिन आदेशपछिको आदेश कुर्ने समयमा घरधनीलाई नै भत्काइएका संरचना क्लियर गर्न र सामान सार्न समय दिने त्यसपछि पनि संरचना नहटाए कार्यालयले नियमअनुसार सडक सीमा खाली गराउने बताइएको छ। भौतिक पूर्वाधार मन्त्रालयले एशियन हाइवे मापदण्ड अनुसारको डिजाइनमा सडक स्तरोन्नति गर्ने योजना दोहोर्याए पनि जग्गा प्राप्ति, मुआब्जा, डीपीआर, बजेट सुनिश्चितता र टेन्डरसम्म पुग्ने समय लाग्ने देखिन्छ । अहिलेका लागि भने हेटौंडाको मुख्य सडक कानुनी निर्णय र सरकारी तयारी नभएसम्म भग्नावशेषकै बीच नै थाती रहने निश्चितप्रायः देखिन्छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय हेटौंडा सडक खण्ड २०३४ सालअघि नै राजपत्रमा राजमार्ग घोषणा भइसकेकाले त्यस क्षेत्रमा मुआब्जा प्रदान गर्नुपर्ने नियम लागू नहुने दाबी गर्छ । "२०३४ अघि राइटअफवे घोषणा भइसकेका सडक सरकारकै हुन्, लालपुर्जा भए पनि त्यहाँ मुआब्जा दाबीको कानुनी आधार बलियो हुँदैन" मन्त्रालयका प्रवक्ता रामहरि पोखरेल भने ।

तर हेटौंडा विस्तारले पीडित हुने घरधनीहरू भने संविधानले सम्पत्तिको हकलाई मौलिक अधिकार बनाएको र राज्यले निजी सम्पत्ति प्रयोग गर्दा मुआब्जा अनिवार्य दिनु पर्ने बताउँछन् । उनीहरूको २०३४ सालको तर्क मात्रले अधिकार कटौती गर्न नमिल्ने र अदालतमा सुनुवाइ अपरिहार्य हुने दाबी छ ।

भत्काइएका घरटहराकै भग्नावशेषमा व्यापार

सडक विस्तारले ५ सय बढी घर टहरा क्षतिग्रस्त बनेपछि राप्तीरोडका व्यापारीहरु भत्किएका इँटाढुंगा, काठ र रडकै थुप्रोबीच पसल फिँजाएर व्यापार चलाइरहेका छन्। आकस्मिक विस्थापनले व्यवसाय ठप्प हुने भनी व्यापारीहरु खुला आकाशमुनि सामान बेच्न बाध्य भएका हुन्।

व्यवसाय रोकिने डरले भत्केको ठाउँमै बसेर व्यापार गरिरहेकोरहेको व्यापारी बताउँछन् । उनीहरुले राहत, पुनर्स्थापना र वैकल्पिक व्यापारिक ठाउँको व्यवस्था गरिदिन सरकारसँग माग गरेका छन्।

पीडितको आक्रोस प्रशासनमा

पीडित स्थानीय र व्यापारीले जिल्ला प्रशासन कार्यालय मकवानपुर घेराउ गर्दै सर्वोच्चको आदेश विपरीत घर भत्काएको भन्दै आक्रोश पोखे।

राजमार्ग विस्तारका क्रममा घरबार विहीन बनेका स्थानीयले मालपोतले कर उठाउने, स्थानीय सरकारले कर लिने तर सडक डिभिजनले घर भत्काइदिने "दुई थरी सरकारी व्यवहार" को विरोध गरेको बताउँछन् ।

सडक विस्तारपछिको व्यवस्थापन कसरी गर्ने सर्वोच्च अदालतले मंसिर २६ गते वा त्यस पछि गर्ने निर्णयले निर्धारण गर्नेछ ।

सरकार र जेनजी समूह बीच सम्झौता

○ सहीखबर संवाददाता

मकवानपुर । गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनलाई सरकारले सम्बोधन गर्ने सहमति गरेको छ ।

सरकारका तर्फबाट प्रधानमन्त्री सुशीला कार्की र जेनजीका तर्फबाट भोजविक्रम थापाले सम्झौतामा हस्ताक्षर भएको छ ।

जेनजी जनआन्दोलनका प्रतिनिधि र नेपाल सरकारबिच भएको सम्झौता

प्रस्तावना

देशमा व्याप्त भ्रष्टाचार, कुशासन, दण्डहीनता, भेदभाव, बहिष्करण तथा आर्थिक सामाजिक असमानता र अन्याय जस्ता संरचनात्मक कारणहरुबाट सिर्जित द्वन्द्वको समयमै सम्बोधन नहुँदा उत्पन्न आम वितृष्णा र निराशाले जेनजीको नेतृत्वमा २०८२ साल भदौ २३ र २४ गते भएको राजनीतिक सामाजिक जनआन्दोलन निम्त्याएको वास्तविकतालाई स्वीकार गर्दै,

जनआन्दोलनका क्रममा जीवन बलिदान गर्ने शहीद, घाइते एवं तिनका समस्त परिवार जनप्रति सम्मान प्रकट गर्दै,

जनआन्दोलनका क्रममा भएका अपूरणीय मानवीय, सामाजिक, मानसिक, भौतिक, आर्थिक तथा अन्य सबै प्रकारका क्षतिप्रति दु:ख व्यक्त गर्दै,

जनआन्दोलनको सन्दर्भमा भएका सम्पूर्ण गम्भीर मानव अधिकार उल्लङ्घन तथा हिंसाजन्य ज्यादतीका घटनाहरुको स्वतन्त्र छानबिन गरी सत्य, न्याय, परिपूरण र संस्थागत सुधारका उपाय अवलम्बन गरी दण्डहीनताको अवस्था अन्त्य गर्नुपर्ने अपरिहार्यता बोध गर्दै,

जेनजीको नेतृत्वमा भएको जनआन्दोलन पश्चात सिर्जित असाधारण परिस्थितिमा जनआन्दोलनका मागहरु सम्बोधन गर्न एउटा गैरदलीय, पारदर्शी, जवाफदेही, समावेशी र सक्षम अन्तरिम नागरिक सरकारको ऐतिहासिक आवश्यकताको उपजको रुपमा बर्तमान सरकार बनेको तथा जनविश्वास गुमाइसकेको संघीय प्रतिनिधि सभाको विघटन गरी निर्वाचनको मिति तय गरिएको ऐतिहासिक तथ्यलाई स्वीकार गर्दै,

नेपालमा विभिन्न कालखण्डमा नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, नारीवादी आन्दोलन, आदिवासी आन्दोलन, दलित आन्दोलन, मुस्लिम आन्दोलन, मधेश आन्दोलन, थरूहट आन्दोलन लगायतका हरेक आन्दोलनहरुबाट हासिल गरिएको प्रत्येक नागरिकको सम्मानपूर्वक बाँच्न पाउने हक, अभिव्यक्ति तथा साङ्गठनिक स्वतन्त्रता, संघीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, समानतामा आधारित समानुपातिक समावेशी र न्याय प्रणाली, सामाजिक र आर्थिक न्याय सुनिश्चित गर्दै नेपाली जनताले जारी गरेको नेपालको संविधानको सान्दर्भिकता र वैधतालाई आत्मसात गर्दै,

नेपाली जनताले प्रयोग गर्ने डिजिटल माध्यमलाई नागरिक अभिव्यक्तिको वैध माध्यमको रुपमा ग्रहण गरी यस जनआन्दोलनका क्रममा आन्दोलनकारीहरुले प्रयोग गरेका नयाँ डिजिटल माध्यम, सांस्कृतिक प्रतीक र सिर्जनात्मक अभिव्यक्तिलाई वैध नागरिक राजनीतिक संलग्नताको रुपमा स्वीकार गर्दै,

सामाजिक, राजनीतिक, धार्मिक, सांस्कृतिक, संरचनागत विभेद तथा आर्थिक शोषणको कारणले सिर्जना गरेको वर्गीय, जातीय, लैङ्गिक तथा यौनिक असमानता, गरिबी, सिमान्तीकरण एवम्रू बहिष्करण अन्त्य गर्न दृढ सङ्कल्प लिदै,

राज्यका स्रोत साधनसम्म हरेक नेपालीको न्यायिक पहुँच र ती स्रोत साधनको समतामूलक वितरण, बाँडफाँड र दिगो प्रयोग गर्नुपर्ने आवश्यकतामा जोड दिँदै,

प्रशासन, समावेशिता र जनसहभागिताका मान्यतामा आधारित संघीयता, स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको सुदृढीकरणबाट शिक्षा, स्वास्थ्य, रोजगार, आवास, भूमि, भाषा, संस्कृति, लैङ्गिक तथा सामूहिक अधिकारहरुको कार्यान्वयन तथा उद्यमशीलता, नवप्रवर्तन र अन्वेषण राज्यका भावी नीति र कार्यक्रमका मुख्य प्राथमिकता बन्नुपर्ने आवश्यकतालाई जोड दिँदै,

जनआन्दोलन पश्चातको नवनिर्माणका हरेक क्रियाकलापहरुलाई भ्रष्टाचार विहीनता, पारदर्शिता, जवाफदेहिता, चुस्तता, मितव्ययितता, स्वार्थको द्वन्द्वरहित र प्रभावकारिता जस्ता सुशासनका मूल्य मान्यतामा आधारित बनाउने प्रण गर्दै,

नेपाली जनताको सुशासनको तीव्र आकांक्षाबाट प्रेरित भई जेनजीको नेतृत्वमा भएको जनआन्दोलनबाट प्राप्त जनादेश एवं सांविधानले अङ्गीकार गरेका मूल्य मान्यतालाई आत्मसात गर्दै नेपाल सरकार र जेनजी जनअन्दोलका प्रतिनिधिबिच यो सम्झौता सम्पन्न गरिएको छ। सम्झौताका उल्लिखित प्रावधानहरुको इमानदारिताका साथ प्रभावकारी कार्यान्वयनका लागि दुवै पक्ष दृढ प्रतिज्ञा व्यक्त गर्दछन्।

१. शहीद र घाइतेको त्याग तथा बलिदानलाई सम्मान, न्याय तथा अर्थपूर्ण स्मृतीकरणसहितको परिपूरण

१.१ वि.स. २०८२ साल भदौ २३ र २४ गते जेनजीको नेतृत्वमा भएको जनआन्दोलनको क्रममा तत्कालीन सरकारबाट भएको दमन र व्यापक हिंसाका घटनामा सहादत प्राप्त गर्नु भएका व्यक्तिलाई शहीद घोषणा गर्ने लगायत शहीद परिवारको माग र भावनाको यथाशीघ्र सम्बोधन गर्ने व्यवस्था गरिनेछ।

१.२ शहीद परिवार तथा घाइतेको तत्कालीन र दीर्घकालीन आवश्यकताको यथोचित सम्बोधन गर्न सम्बन्धित शहीद परिवार र घाइतेसँगको परामर्श तथा समन्वयमा तत्काल एक उच्चस्तरीय कार्यदल गठन गरी अन्तरिम राहत, क्षतिपूर्ति, नि:शुल्क स्वास्थ्य उपचार तथा मनोसामाजिक परामर्श, नि:शुल्क शिक्षा, रोजगारी, सामाजिक सुरक्षा एवं अर्थपूर्ण स्मृतीकरण (मेमोरियलाइजेशन) समेतको परिपूरणीय व्यवस्था सुनिश्चित गरिनेछ।

१.३ जेनजी आन्दोलनका शहीद परिवार तथा घाइतेको सामुहिक माग अनुरुप मुलुकमा सदाचार तथा सुशासन प्रवर्द्धन, भ्रष्टाचार निवारण तथा दण्डहीनता अन्त्य गर्न छुट्टै स्थायी प्रकृतिको आयोग गठन गरिनेछ।

२. भदौ २३ र २४ का घटनाको अनुसन्धान, अभियोजन र पुनरावृत्ति हुन नदिन आवश्यक संस्थागत सुधार

२.१ नेपाल सरकारले गठन गरेको उच्चस्तरीय जाँचबुझ आयोगलाई देहाय बमोजिमको कार्यादेश थप गरिनेछ:

(क) यस जनआन्दोलनको क्रममा भएको अत्याधिक बलप्रयोगको परिणामस्वरुप घटित गैर न्यायिक हत्या लगायतका मानव अधिकार उल्लङ्घन सम्बन्धी आरोपहरुको बिना विभेद छानविन गरी सत्य तथ्य खोज गरी फौजदारी जवाफदेहिता वहन गर्न सिफारिस गर्ने।

(ख) जाँचबुझ, सत्य निरुपण तथा मेलमिलापको मान्यतालाई ध्यानमा राखी उपयुक्त प्रकृया अपनाई जनआन्दोलनको प्रकृति तथा भदौ २३ र २४ को विशिष्ट परिस्थितिजन्य अवस्थालाई दृष्टिगत गरी जनआन्दोलनको क्रममा भएका घटना र अन्य व्यक्ति वा समूहले आपराधिक मनसायका साथ सुनियोजित तथा सङ्गठित तरिकाले गरेका हिंसात्मक कार्यहरुको विभेदलाई पूर्वाग्रहरहित रुपमा छुट्याई छानबिन गरी प्रतिवेदन पेश गर्ने।

(ग) करौले आन्दोलनमा सहभागी भएकै कारण अनुसन्धान वा अभियोजनको दायरामा पारिएको छ भनी आन्दोलनकारी स्वयं वा निजको तर्फबाट अन्य करौले अनलाइन, लिखित वा हटलाइनमार्फत उजुरी दिएमा सो सम्बन्धमा सम्बन्धित निकायबाट विवरण झिकाई सो विवरणको आधारमा यो सम्झौता भएको मितिले १५ दिनभित्र आयोगले स्क्रिनिङ तथा छानबिन गर्ने।

(घ) स्क्रिनिङ तथा छानबिनबाट सम्बन्धित व्यक्ति ज्यान मार्ने कसुर वा सुनियोजित/सङ्गठित रुपमा कुनै आपराधिक गिरोहद्वारा भएका हुनसक्ने गम्भीर अपराधमा संलग्न रहेको नदेखिएमा पछि जाँचबुझ आयोगको प्रतिवेदन बमोजिम हुनेगरी सो व्यक्तिलाई तत्काल हिरासत/थुनामुक्त गर्न र निजविरुद्ध दायर भएका मुद्दा फिर्ता लिन नेपाल सरकारलाई सिफारिस गर्ने।

(ङ) नेपाल सरकारका सम्बन्धित निकायले माथि उल्लिखित सिफारिस बमोजिमको कारबाही यथाशीघ्र अगाडि बढाउनेछ।

२.२ वि.सं.२०८२ भदौ २३ र २४ गते जनआन्दोलनसँग सम्बन्धित राजनीतिक विरोधको गतिविधिमा सहभागी भएकै कारण करौउपर फौजदारी अनुसन्धान वा अभियोजन गरिने छैन।

२.३ जनआन्दोलन सहित नेपालका विभिन्न आन्दोलनका क्रममा सुरक्षा निकायबाट भएका अन्यायपूर्ण तथा गैरकानूनी बलप्रयोग सम्बन्धी घटनाको आवश्यक जाँचबुझ गरी भविष्यमा यस्ता घटनाको पुनरावृत्ति हुनबाट रोक्नका लागि नेपालको प्रचलित कानुन, सुरक्षा निकायका कमीकमजोरी, सुरक्षाकर्मीलाई सामाजिक, मानसिक सुरक्षाको अभाव लगायत अन्य कारणहरु पहिचान गरी सम्बन्धित कानुन तथा सुरक्षा निकायमा आवश्यक संस्थागत सुधार का उपायहरुको अध्ययन तथा सिफारिस गर्न छुट्टै संयन्त्र गठन गर्ने र सो संयन्त्रले पेश गर्ने प्रतिवेदन सार्वजनिक गरी प्रतिवेदनमा उल्लिखित सिफारिसहरु तत्काल कार्यान्वयन गरिनेछ।

३. राजनीतिक तथा नीतिगत भ्रष्टाचार, सार्वजनिक संस्थाहरुको दलीयकरण र दलीय भागबण्डाका आधारमा नियुक्ति गरिने प्रचलनको अन्त्य

३.१ राजनीतिक, नीतिगत तथा संस्थागत भ्रष्टाचार, सार्वजनिक संस्थाहरुको दलीयकरण र दलीय भागबण्डाका आधारमा गरिने नियुक्तिको अन्त्य लगायतका देहायका विषयमा निष्पक्ष छानबिन गरी सिफारिस गर्न एक उच्चस्तरीय आयोग गठन गर्ने:

(क) सम्पूर्ण सार्वजनिक पदमा नियुक्त, निर्वाचित वा मनोनित व्यक्तिको जीवनशैली, आयस्रोत र अकुत सम्पत्ति आर्जनका सम्बन्धमा दोषीलाई कानुनबमोजिमको कारबाही गर्न प्रकृया,

(ख) सार्वजनिक संस्थाहरुको दलीयकरण र भागबण्डाका आधारमा गरिने नियुक्तिको अभ्यास अन्त्य गर्न सम्बन्धित नीति र कानुनमा गर्नुपर्ने सुधार तथा मौजुदा कानुनको प्रभावकारी कार्यान्वयनको विषय,

(ग) विभिन्न सार्वजनिक पद धारण गरेका व्यक्ति तथा राजनीतिक दलले आफ्ना नेताहरुको नाउँमा सार्वजनिक जग्गा, सम्पत्ति र बजेटको प्रयोग गरी देशभर सञ्चालन गरेका प्रतिष्ठान, कोष, द्रष्ट, परिषद, केन्द्र जस्ता निकायको कार्य तथा आर्थिक गतिविधि छानबिन गरी सम्बन्धित संस्थाले सार्वजनिक हित र उद्देश्य विपरित वा गैरकानूनी गतिविधि गरेको पाइएमा यस्ता निकायलाई खारेज गरी सम्पत्ति राष्ट्रियकरण गर्ने विषय।

(घ) नेपालको सार्वजनिक निकायमा हुने अनियमितता तथा भ्रष्टाचार निवारण, प्रशासकीय प्रणालीको पुन:संरचना, सार्वजनिक सेवा प्रवाहको सरलीकरण, सहज पहुँच, गुनासो सुनुवाईको व्यवस्था र विद्युतीय सुशासन प्रवर्द्धन लगायतका विषय।

४. स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण र भयरहित निर्वाचनको सुनिश्चितता

४.१ आगामी प्रतिनिधिसभा तथा हरेक तहका निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण, सबैका लागि पहुँचयुक्त र भयरहित बनाउन प्राथमिकताका साथ आवश्यक कानूनी, प्राविधिक तथा संस्थागत पूर्वाधार विकास गरी कार्यान्वयन गरिनेछ।

४.२ योग्य नेपाली नागरिक मतदाताको रुपमा नाम दर्ता गर्ने अभियानलाई सहज र प्रभावकारी बनाइनेछ। साथै, विदेशस्थित नेपाली नागरिक तथा बेजिल्ला बसोबास गर्ने मतदातालाई उनीहरु बसेको स्थानबाटै मतदान गर्न सक्ने व्यवस्था गरिनेछ। विशेष गरी, संसारका विभिन्न देशमा औपचारिक तथा अनौपचारिक रुपमा श्रम गर्ने प्रवासी नेपाली नागरिकहरु तथा प्रवासी नेपाली विद्यार्थीहरुको मताधिकार सुनिश्चित गर्ने नीतिगत, कानूनी तथा संस्थागत पूर्वाधार विकास गरिनेछ।

४.३ निर्वाचनमा मनोनयन दर्ता गर्दाकै वखत उम्मेदवारले आफ्नो सम्पत्ति विवरण समेत बुझाउनु पर्ने लगायत राजनीतिक दल र उम्मेदवारको खर्च पारदर्शी बनाउन कानुनमा संशोधन गरिनेछ।

४.४ सबै राजनीतिक दलका सम्पत्ति तथा आर्थिक स्रोतको विवरण अनिवार्य रुपमा मागी सो उपर छानबिन गरी स्रोत नखुलेको सम्पत्ति राष्ट्रियकरण गरी दोषी उपर कारबाही गर्न आवश्यक कानूनी प्रबन्ध गरिनेछ।

४.५ निर्वाचन प्रणाली सुधारका लागि माथि उल्लेखित कुराको अतिरिक्त प्रचलित कानुनमा तत्काल संशोधन गरी निम्न व्यवस्था लागू गरिनेछ:

(क) मतपत्रमा "माथिका कसैलाई मतदान गर्दिन (NOTA)" विकल्प राखिनेछ।

(ख) राजनीतिक दलमित्र अनिवार्य रुपमा प्राथमिक प्रतिस्पर्धा (प्राइमरी इलेक्सन) गरी छनोट भएको व्यक्तिमात्र निर्वाचनको लागि उम्मेदवार हुन पाउने कानूनी व्यवस्था गरिनेछ।

(ग) निर्वाचन आयोगद्वारा तयार गरिने मतपत्रमा दल/उम्मेदवारको क्रमाङ्क गोला प्रथाबाट निर्धारण गरिनेछ।

(घ) राजनीतिक दलमा अध्यक्ष वा सभापति अधिकतम दुई कार्यकालका लागि मात्रै हुन सक्ने प्रबन्ध गरिनेछ।

(ङ) निर्वाचन प्रयोजनका लागि मात्रै हुने अस्वस्थ गठबन्धन नियन्त्रणको लागि कानुनी प्रबन्ध गरिनेछ।

(च) आगामी निर्वाचनमा "पहिलो हुने निर्वाचित हुने" निर्वाचन प्रणालीमा समेत उम्मेदवार चयन गर्दा सामानुपातिक समावेशी सिद्धान्तको पालना गर्न संवैधानिक तथा कानूनी प्रबन्ध गरिनेछ।

५. नेपालको संविधानमा गर्नुपर्ने सुधार

५.१ नेपालको संविधानले सुनिश्चित गरेको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्त, प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक बहुदलीय व्यवस्था, धर्मनिरपेक्षता, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका तथा कानूनी र ज्यका आधारभूत मूल्य मान्यताहरुलाई अक्षुण्ण राख्दै सुशासन कायम गर्ने, संविधानको प्रभावकारी कार्यान्वयन मार्फत सामाजिक आर्थिक रुपान्तरण तथा समतामूलक समृद्धि, दिगो शान्ति र दिगो विकासका वाचा पूरा गर्न तथा बदलिँदो परिप्रेक्ष्यमा नेपाली जनताको सामूहिक विवेक र आकाङ्क्षालाई समेटन गरिनु पर्ने संवैधानिक, कानुनी तथा संस्थागत सुधारका विषयहरुको पहिचान, अध्ययन र विश्लेषण गरी अग्रगामी परिवर्तनका लागि सुझावसहितको प्रतिवेदन पेश गर्न स्वतन्त्र विज्ञ, जेनजी र युवा सहित सरोकारवालाहरुको सहभागिता रहने गरी एक उच्चस्तरीय "संविधान संशोधन सुझाव आयोग" गठन गरिनेछ।

५.२ उल्लिखित आयोगले स्थानीय, प्रदेश र संघीय तहमा व्यापक बहस, संवाद, अन्तरक्रिया तथा नागरिक परामर्श सञ्चालन गरी सुझावसहितको प्रतिवेदन तयार गर्नेछ।

५.३ संविधान संशोधन सुझाव आयोगको कार्यादेशमा अन्य कुराको अतिरिक्त निम्नानुसार का विषयबस्तु समेत तोकिनेछ:

(क) संविधान कार्यान्वयनका दश वर्षको सिंहावलोकन गरी कार्यान्वयनका उपलब्धि र कमीकमजोरी पहिचान गर्ने तथा कार्यान्वयनको प्रभावकारिताका लागि ठोस सुझाव दिने,

(ख) सुशासन कायम गर्न,अख्तियारको दुरुपयोग तथा भ्रष्टाचार निवारण गर्न, स्वार्थको द्वन्द्वको निराकरण गर्नका लागि संविधानको कार्यान्वयनलाई प्रभावकारी बनाउने उपाय खोज्न तथा बदलिँदो परिप्रेक्ष्यमा नेपाली जनताको सामूहिक विवेक र आकाङ्क्षाको समीक्षा गरी समयानुकूल संविधान संशोधनका लागि सुझाव दिने,

(ग) माथि प्रकरण १.३ बमोजिमको आयोगलाई संवैधानिक हैसियत प्रदान गर्ने सम्बन्धमा सुझाव दिने,

(घ) भावी संसदको संरचनाको सम्बन्धमा स्थानीय, प्रदेश र केन्द्रस्तरमा बहस एवम् अन्तरक्रिया मार्फत सुझाव सङ्कलन गरी देहायका विषयमा सिफारिस सहितको प्रतिवेदन पेश गर्ने:

(१) जनसंख्याको आधारमा पूर्ण समानुपातिक तथा समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न निर्वाचन प्रणालीमा आवश्यक सुधारका लागि सिफारिस गर्ने,

(२) अधिकतम परिपूरणीय, अधिकार पूर्ण र अर्थपूर्ण प्रतिनिधित्वको सिद्धान्तलाई आत्मसात गर्दै महिला, दलित, आदिवासी जनजाति, मधेसी,थारु,मुस्लिम,पिछडिएको वर्ग, अल्पसंख्यक, सीमान्तकृत,अपाङ्गता भएका व्यक्ति,लैङ्गिक तथा यौनिक रुपमा विविध पहिचान भएका समुदाय, किसान,श्रमिक,उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपमा विपन्न खस आर्य लगायतको प्रतिनिधित्व सुनिश्चित गर्न सुधारात्मक व्यवस्था सिफारिस गर्ने,

(३) राज्यको राष्ट्रप्रमुख, तीनै तहको सरकारका कार्यकारी प्रमुख र मन्त्रीपरिषदका सदस्यको पदावधि दुई पूर्ण कार्यकालसम्म सीमित गर्ने,

(४) प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तहको जनप्रतिनिधिका लागि उम्मेदवार हुन न्यूनतम उमेर २१ वर्ष राख्ने,

(५) न्यायपालिका, संवैधानिक परिषद, संवैधानिक आयोग र न्यायपरिषदलाई राजनीतिक तथा दलीय हस्तक्षेपबाट पूर्ण रुपमा मुक्त राख्न र स्वायत्त तथा स्वतन्त्र ढङ्गले कार्यसम्पादन गर्न सक्षम बनाउन र राज्यका संरचनामा युवाहरुको प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्न उक्त आयोगहरुको संरचना तथा पदाधिकारी नियुक्तिको प्रक्रियामा सुधार गर्ने।

(६) राजनीतिक दलहरुको आन्तरिक लोकतन्त्र र सुशासनका क्षेत्रमा गर्नुपर्ने सुधारका उपायहरुको सम्बन्धमा सुझाव दिने।

पूर्ण समानुपातिक समावेशिता र सहभागितामूलक प्रतिनिधित्व

६.१ यो सम्झौता बमोजिम बन्ने संयन्त्रहरुमा यथाशक्य समावेशिता सुनिश्चित गरिनेछ। राज्यका संयन्त्रहरुमा अधिकतम परिपूरणीय, अधिकारपूर्ण र अर्थपूर्ण प्रतिनिधित्वका सिद्धान्तका आधारमा महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, पछाडि पारिएका वर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक रुपमा विविध पहिचान हुने समुदाय, किसान, श्रमिक, उत्पीडित वा पछाडि पारिएका क्षेत्रका नागरिक तथा आर्थिक रुपमा विपन्न खस आर्य लगायतको प्रतिनिधित्व सुनिश्चित गर्न यस सम्झौताबमोजिम गठन हुने जेनजी परिषदले सल्लाहकारको भूमिका निर्वाह गर्नेछ।

७. पारदर्शिता

७.१ पारदर्शी र जवाफदेही सरकारको अवधारणा अनुरुप सरकारले आफ्ना कामकार बाही, निर्णय तथा खर्चलाई पारदर्शी बनाउन, पार दर्शिता सुनिश्चित गर्नका लागि विधि, प्रक्रिया, कानुन, तथा संयन्त्रहरुमा आवश्यक कानुन तथा प्रविधिमा आवश्यक सुधार, समायोजन र परि मार्जन गरिनेछ र यस्ता निर्णय तथा कार्यलाई सरकारका सूचनापाटी वा वेबसाइट मार्फत मात्र नभई सामाजिक सञ्जाल र आम प्रयोगमा र हेका सूचना सञ्चारका माध्यम मार्फत समेत सर्वसाधारणको सहज पहुँचमा पुग्याउने व्यवस्था मिलाइनेछ।

७.२ नेपालमा विगतमा भएका मानव अधिकार उल्लङ्घन तथा हिंसाका घटना र भ्रष्टाचार सँग सम्बन्धित छानबिन लगायतका विषयमा अध्ययन अनुसन्धान गर्न गठन गरिएका सम्पूर्ण छानबिन, जाँचबुझ आयोगका प्रतिवेदन प्रचलित कानूनको अधीनमा रही सार्वजनिक गरिनेछ।

७.३ नेपाल सरकारको सार्वजनिक पदहरुमा हुने सबै नियुक्तिका लागि पारदर्शी, प्रतिस्पर्धी र विश्वसनीय छनोट प्रक्रिया सुनिश्चित गर्न, अवसरको समानता सुनिश्चित गर्न तथा नातावाद, कृपावाद र प्रत्यक्ष वा अप्रत्यक्ष भेदभावको अवस्था अन्त्य गर्न जेनजी लगायत सरोकार वालासँग परामर्श गरी आवश्यक उपायहरु अवलम्बन गर्नेछ।

८. अभिव्यक्ति स्वतन्त्रता र डिजिटल स्वतन्त्रता

८.१ इन्टरनेट र डिजिटल माध्यममा अभिव्यक्ति, सूचना प्रवाह र संवादमा कुनै किसिमको स्वेच्छिक, गैरकानूनी नियमन, निषेध वा पूर्वाग्रही सेन्सरसिप हुन नदिन आवश्यक कानूनी, भौतिक र प्राविधिक पूर्वाधारको व्यवस्था गरिनेछ।

८.२ सार्वसाधारण नागरिकको डिजिटल तथ्याङ्क (डेटा) माथि राज्य वा तेश्रो पक्षको तर्फबाट गैरकानूनी निगरानी र दुरुपयोग हुन नदिने गरी कानूनी, भौतिक र प्राविधिक सुधार सहित आवश्यक पूर्वाधारको व्यवस्था गरिनेछ।

जेनजी परिषद्को गठन

९.१ जेनजी आन्दोलनको मर्म र भावना अनुसार शासन व्यवस्था सञ्चालनमा सरकार लाई योगदान गर्न, खबरदारी गर्न, सुशासन, दिगो विकास तथा समृद्धिका लागि नेपाल सर कारलाई सल्लाह, सुझाव र सहयोग प्रदान गर्नका लागि जेनजी परिषद् गठन गरिनेछ।

१०. सम्झौता लागू हुने मिति र सम्झौताको कार्यान्वयन

१०.१ दुवै पक्षका प्रतिनिधिद्वारा हस्ताक्षर भएको मितिदेखि यो सम्झौता लागू हुनेछ।

१०.२ यो सम्झौताको कार्यान्वयन नेपाल सरकार र जेनजी आन्दोलनका प्रतिनिधिको आपसी सहमतिमा हुनेछ।

सहीखबर

साहित्य/ विविध

www.saheekhabar.com

२०८२ मंसिर २५ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

दाम्पत्य जीवनको उदाहरणीय जोडी

दाम्पत्य जीवन–दुई मनको ऐना हो जसले एक-अर्कामा आफ्नै उज्यालो देख्छ । तिमी र म होइन, "हाम्रो" बाट सुरु हुन्छ प्रेमको असल यात्रा, दुई जनाको साथ–एक जीवनको शक्ति,सम्झदारी सुगन्ध हो । यो नै प्रेमको आत्मा हो । जहाँ विश्वास बस्छ, त्यही घरमा दाम्पत्य फूल फुल्छ । सपना एउटै होस्, बाटो फरक भए पनि कदम मिलून्, दाम्पत्य–सम्बन्ध होइन, जीवनभर साथ दिने वाचा हो । दुइबीचको माया, घरको सबैभन्दा सुन्दर सजावट हो, शहरको आलिसशान बसाइमा हैन, विकट बस्तिमा दाम्पत्य जीवन सहज बनाउनेहरु केही उदाहरण हामीले यहाँ श्रृखलाबद्ध रुपमा प्रस्तुत गर्ने जमर्को गरेका छौं ।

श्रृखला २



निशाको धैर्यतामा विक्रमको साथ

१७ वर्ष अघिको कुरा हो । चितवनकी ७ वर्षिया निशा अरूको घरमा झाडु पोछा लगाउन काठमाण्डौ पुग्नुभयो । आर्थिक अवस्था कमजोर भएको कारण उहाँले विद्यालय प्रवेश गर्न पाउनु नै भएको थिएन । आमा वैदेशिक रोजगारको लागि जानु भएपछि उहाँलाई अरूको घरमा कामको लागि काठमाण्डौ पठाइएको थियो । अरूको घरमा त्यो कलिलो हातले धेरै दुख गऱ्यो तर दुखले सुखको कुनै बाटो देखाएन । आमा विदेशमा काम गर्ने ७ वर्षिया बालिका अर्कोको घरमा । आमा ४ वर्षपछि घर फर्कनु भयो, छोरी खोज्नुभयो । खोजि थालेको ५ महिनापछि आमाले फेला पार्नुभयो निशालाई । अनि आमाले आफैंसंग चितवनमा फर्काउनु भयो । १२ वर्ष लाग्दै गर्नुभएको निशा केही समय आमासँगै बस्नुभयो ।

आमा फेरि विदेश गएपछि निशा पनि फेरि कामको शिलशिलामा उहाँ काठमाण्डौ पुग्नुभयो कामकै खोजिमा, र सुरू गर्नुभयो गलैचा बुन्न । गलैचा बुन्ने सिपले भने उहाँलाई जीवन सहज बनाउँदै थियो । फेरि अर्को मोड आयो जीवनमा । अरूको फुक्याइमा परेर १३ वर्षको उमेर विवाह गरेर मकवानपुरको मनहरि आउनुभयो निशा ।

१४ वर्षको उमेरमा छोरीको आमा बन्नुभयो निशा प्रजा । अक्षर चिन्नुभएकै थिएन, तर हातमा सिप थियो । श्रीमानको साथ भनेजस्तो पाउएन । छोरी जन्मेको केही समयमै श्रीमानले अर्को विवाह गर्नुभयो । आफ्नो भाग्य भनेर सौतालाई समेत आफूले सँगै राखेर जीवन अघि बढाउँदै रहनुभयो निशा । यसैबीचमा अर्को २ सन्तान थपिए, ३ सन्तानकी आमा निशालाई श्रीमानले दिनानुदिन हिंसा गरिरहे । न बिरामी हुँदा उपचार, न मिठो वचन । निशाको साथमा न नागरिकता थियो न विवाह दर्ता नै । ३ सन्तानको भविष्य कल्पेर हिंसा सहदै बसेकी निशाले एक दिन नयाँ निर्णय लिनुभयो अर्को विवाहको ।

"मलाई अर्को विहे गर्ने मन थिएन, सदादिन कति पिटिएर, हेपिएर बस्नु, जीवन नै नर्क जस्तै भयो, केही हिम्मत गरौ भनेर अर्को मोडमा आफैंले जीवन मोडेकी हुँ" उहाँ भन्नुहुन्छ "गाउँमा श्रीमतीले छोडेको मन मिल्ने मान्छे भेटँ अर्को विहे गरे ।"

हिंसाबाट आजित हुनुभएकी निशाले अर्को विवाह गर्नुभयो विक्रम प्रजासँग। त्यसपछि उहाँको जीवन हिंसाबाट पर छ, मायामा फूलेको छ । श्रीमानको साथ पाएपछि पछिल्लो जीवन सोचे कल्पना गरेभन्दा धेरै राम्रो रहेको निशा बताउँनुहुन्छ । "पहिले केही काम पनि नसघाउने, आफैंले काम गर्दा पनि खाना लाउन, औषधि उपचार गर्न केहीमा वास्तै नहुँदा बिजोक थियो, श्रीमान श्रीमती मिलेर काम गर्दा जीवन कस्तो हुने रहेछ अहिले बुझिराछु" निशाले भन्नुभयो "श्रीमान्ले घरको सबै काम सघाउनु हुन्छ, कुनै पनि काम एक्लै गर्दैनौ हामी सबै सल्लाहमा गर्छौं ।"

पहिले ३ वटा सन्तान जन्माउनु भएकी निशा कुनै दिन स्वास्थ्य संस्था जानु भएन, न खोप लगाउनु भयो, न प्रसुतिको बेलामा स्वास्थ्य संस्था नै जानु भयो । "खोप र औषधिको के कुरा नानी जन्माएर ७ दिनदेखि वनपाखाबाट घाँस खेप्नु पर्थ्यो, श्रीमान् रक्सी खाएर त्यसै माथि मलाइ नै पिट्नु हुन्थ्यो" निशा ति दिन सम्झदै भन्नुहुन्छ "पछिल्लो सन्तानको बेलामा त ५/६ पटक स्वास्थ्य चौकी नै गएँ, मिडियो एक्सरे गरेँ, बाबुलाई अस्पतालमै जन्माएको हुँ, सुत्केरीपछि ३ महिनाभन्दा बढी आराम गर्न पाएँ, श्रीमानले नै खाना बनाएर खुवाउनु हुन्थ्यो, लुगा, भाँडा पनि उहाँले नै धुनुहुन्थ्यो ।"

निशाको श्रीमान विक्रम मिस्त्री काम पनि गर्नुहुन्छ । तर उनी घर को सबै काममा निशालाई साथ दिनुहुन्छ । "उनी गलैचा बुनेर पैसा कमाउँछिन्, मैले घरको काम गरेर साथ दिन्छु" विक्रम भन्नुहुन्छ "काम महिलाले वा पुरूषले गर्ने भन्ने हुदैन, आफूहरूको व्यवहारमा फरक पर्ने हो ।" उनीहरूको अहिले बाख्रा र गाइको बाच्छाहरू पालेका छन् । केही जग्गामा खेति गरेका छन् ।

"मिलेर काम गर्दा दुबैलाई सजिलो हुन्छ, घर व्यवहार सहज हुन्छ, परिवार खुसी हुन्छ" विक्रम भन्नुहुन्छ "मेरो परिवार यसैकारण खुसी छ सुखी छ ।" छोराछोरी पठाउने, घरको सारा आर्थिक पाटोमा उहाँहरू सल्लाहमै अगाडी बढ्नुहुन्छ, निशालाई गलैचा बुन्न छोरीले पनि सघाउँनुहुन्छ । "आमा छोरी गलैचा बुन्छन्, म खाना बनाउने, कपडा धुने, घरको सरसफाइ गर्ने, गाइ वस्तु हेर्ने सबै गर्छु" विक्रमले भन्नुभयो ।



अनिल र फूलमायाको हराभरा जीवन

मनहरी ४ नयाँ बस्तिकी फूलमाया ३० वर्षकी हुनुभयो । साथमा ३ छोराहरू र श्रीमान अनिल प्रजा हुनुहुन्छ । ३ छोराहरू श्रीमान् अनिल र फूलमायाको परिवार हराभरा बगैंचा जस्तै छ । अरूको घरमा हिंसाको घटना देखेर दिक्क फूलमायाले आफ्नो जीवनमा हिंसा खेप्नु परेको छैन । "श्रीमानले साथ दिएको घरमा हिंसा हुदैन" उहाँ भन्नुहुन्छ "मेरो श्रीमानको कुनै कुलत छैन, त्यसैले पनि होला घरमा कुनै दिन भनाभन हुने र हिंसा भएकै छैन ।" श्रीमान श्रीमतीमा मिलेर घर व्यवहार नभएपछि मनमुटाव हुने र सम्बन्ध बिग्रने गरेको बताउँनुहुन्छ फूलमाया । "आर्थिक रूपमा हामी बलियो छैनौ, तर मायामा हामी बलियो छौ, मलाइ सधै सम्मान गर्नुहुन्छ, माया गर्नुहुन्छ, मैले पनि आफूले गर्नुपर्ने आदर गर्छु ।" फूलमाया भन्नुहुन्छ "काम गरेर खानको लागि जग्गा छ, धेरै राम्रो आम्दानी त हुदैन, अरूको जग्गा पनि भाडामा लिएर खेती गरेका छौ । वर्षभरी काम गर्दा किन्नु पर्दैन तर बेचेर पैसा लिनचाँही पुग्दैन ।" फूलमायाका अनुसार खेती र घरको काम मिलेर गनुहुन्छ उहाँहरू । "जुन काम जसले म्याउँछ उसले गर्छौं" फूलमायाका श्रीमान् अनिल भन्नुहुन्छ "छोराहरूको रेखदेख सबैमा हामीसँगसँगै छौ ।"

अनिल केही समय अघिसम्म युनिलिभरमा काम गर्नुहुन्थ्यो अहिले छाडेर कृषिमा श्रीमतीसँगै हुनुहुन्छ । उहाँहरूले बाख्रा पाल्नुभएको छ । खेति गर्नुहुन्छ दुबैले समय मिलाएर कृषिकाम गर्नु हुन्छ । छोराहरू २ वटा विद्यालय जान्छन्, एउटा सानै भएकोले फूलमाया खेती र वनपाखा गर्न म्याउनुहुन्न, तर अनिलले साथ दिएपछि उहाँहरूको घर शान्ति र व्यवहार सहज छ ।

"उहाँ (श्रीमान्) का साथीहरू रक्सी खाने, तास र क्यारिमबोर्ड खेलमा अल्झीदै गर्दा उहाँ बाख्रा चराउन, पानी खेप्न र छोरा खेलाउन मलाइ सघाउनु हुन्छ" फूलमाया भन्नुहुन्छ "बिरामी पर्दा उपचारदेखि गाह्रो काममा मलाई हात लगाउनै दिनुहुदैन ।"

श्रीमतीलाई सबै दुख सुखमा साथ दिए पो आफ्नो पारिवारिक जीवन सजिलो र सुखदायि हुन्छ" अनिल भन्नुहुन्छ "आफूमात्रै रमाएर हिड्न थाल्यो भने घर कसरी घर जस्तो हुन्छ र ?" खास गरी महिलाभन्दा पुरूषहरूले परिवारलाई माया दिन चुकेको कारण घर व्यवहार बिग्रने अनिलको बुझाइ छ । "कतिपयको प्रेम विवाह भएर पनि श्रीमतीलाई माया र सम्मान नदिएको कारण घर व्यवहार राम्रो नभएको देखेको छु" अनिल भन्नुहुन्छ "हामीले मागी विवाह गरेका हौं, चर्चामा विहे गरेका हौ, धर्म र आस्था आफ्नो ठाउँमा छ, तर आफ्नो कर्तव्य र इमानको पालना गर्नपर्छ, सधै राम्रो हुन्छ ।"



बुद्धिबहादुर र इश्वरीको उदाहरणीय यात्रा

मनहरी ६ प्रतापपुरका बुद्धिबहादुर राई आफ्नो ठोलको उदाहरणीय पुरूषको रूपमा चिनिनुहुन्छ । जीवनमा कुनै पनि दिन उहाँलाई महिलाले गर्ने काम र पुरूषले गर्ने काम फरक हुन्छ भन्ने लागेन । घरायसी कामलाई सानातिना कामको रूपमा हेर्ने र महिलाले गर्छन भन्ने भाष्य स्थापित भएको उहाँलाई जानकारी छ, तर उहाँको मनले त्यो सही रूपमा स्वीकार गर्दैन । उहाँ खाली समय यसै खेर फाल्नुहुदैन । कहिले तर कारी बारीमा, कहिले बाख्रा गोठालो त कहिले लुगा धुनमा व्यस्ता हुनुहुन्छ बुद्धिबहादुर । उहाँको श्रीमती इश्वरीलाई जीवन सहज लाग्छ । श्रीमान श्रीमती मिलेर घर र खेतबारीको काम गर्छौं, सँगै खेतमा सँगै पाखामा अनि सँगै घर र मान्सामा हो हामी" इश्वरी भन्नुहुन्छ ।

युवा अवस्थामा पनि सबै काम गर्ने बुद्धिबहादुर भन्नुहुन्छ "स्थानीय ठोलमा गठित समूहमा बसेर नयाँ कुरा सिकें, आफ्नो बानि अनुसारको ज्ञानले झनै सबै काम सजिलो हो भन्ने बुझाइ भयो ।" बुद्धिबहादुर उहाँको ठोलमा गठित शुभकामना पुरूष समूहको अध्यक्ष पनि हो । "हामीले ठोल भेलामा अरू पुरूषहरूलाई पनि यस्तै कामको कुरा सिकाउँछौ उहाँ भन्नुहुन्छ "महिला पुरूष मिलेर सबैकाम गर्दा सबैलाई सहज हुने रहेछ, यो काम महिलाले र यो काम पुरूषले गर्ने मनेर हामीले आफैंले बनाएका रहेछौ, हामीले नै फेर्न सक्ने रहेछौ।"

महिलाले गर्ने काम पुरूषहरूले गर्दा परिवारिक सम्बन्धमा सुधार हुने, माया बढ्ने उहाँ बताउनु हुन्छ । "बराबरी काम गर्दा पुरूषलाई मात्रै हैन महिलालाई पनि सजिलो छ, आफ्नो श्रीमतीलाई काममा सघाउँदा सानो हुने हैन बरू आफ्नो मान, मर्यादा र श्रीमतीको माया बढ्छ नि" उहाँ भन्नुहुन्छ "एक अर्कोलाइ सहयोग गर्दा पो परिवारमा एकता हुन्छ ।" कामले काम सिकाउँछ, सहयोगले मेलमिलाप सिकाउँछ । उहाँहरू दुबै मिलेर तरकारी खेती गर्नुभएको छ । बाख्रा पाल्नु भएको छ । "जसले जुन काम म्याउँछ, उसैले गर्ने गरेका छौ, म पनि बाटो हेरेर बस्दिन, उहाँले पनि सबै काम गर्नुहुन्छ" श्रीमती इश्वरीले भन्नुभयो । उहाँहरूले ११ कठ्ठा खेतमा मकै, भण्टा, सिमी, आलु लगाउनु भएको छ । दुबै मिलेर काम गर्दा आफ्ने ठाउँमा पर्याप्त आम्दानी छ, परिवारमा खुसी छ । दुबैजना काममा लागिरहेपछि फुर्सद नै हुदैन दुबैमा । एउटा काम गर्दै गर्दा यसपछिको कामको योजनाहरू बनाउनुहुन्छ उहाँहरू । तरकारी बारीमा लगाइएको भण्टा बढुल्दै बुद्धिबहादुर ले भन्नुभयो "यसपछि म मल लिन घरमा जाने, उसले पसलमा गएर खाजा ल्याउने सल्लाह मैसक्यो, अनि (हाँस्दै) यो भण्टा बेचेर आएको पैसा कहाँ लगानी गर्ने भन्ने सल्लाह पनि मैसक्यो हाम्रो त ।" दुबै मिलेर गरेको कामले नै राम्रो आम्दानी भएको छ उहाँहरूको । पारिवारिक खर्च, लगानी सहज भएको छ । सन्तानलाई राम्रो शिक्षा, सिप र सस्कार दिन सफल भएको छ यो परिवार ।

"मेरो श्रीमान् त घरमा सघाउने मात्रै हैन, छिमेकमा महिलमाथि हिंसा भयो भने पनि मभन्दा पहिले सम्झाउ पुग्नुहुन्छ" इश्वरीले भन्नुभयो "आफू कुलतमा नभएपछि अरूलाई सम्झाइ बुझाइ गर्न पनि सहज हुने रहेछ, छिमेकमा धेरै पुरूषहरू कुलतमा लागेर घरमा हिंसा गर्ने गर्दा बुद्धिबहादुरमा दम्पत्ति नै गएर सम्झाउने गर्नुहुन्छ । समाजका अरू पनि उनीहरूको जोडिलाई लिएर यस्तो पो हुनुपर्छ भनेर उदाहरण दिने गर्नुहुन्छ ।

बागमती प्रदेशको पूर्वाधार विकासमा ५ प्राथमिकता

○सहीखर संवाददाता

मकवानपुर । बागमती प्रदेश सरकारले भौतिक पूर्वाधारको क्षेत्रमा नतिजामुखी र उत्पादनसँग जोडिने गरी काम अघि बढाएको छ । भौतिक पूर्वाधार विकास मन्त्री डा. दिनेशचन्द्र देवकोटाले मन्त्रालयको जिम्मेवारी सम्हालेपछि 'नयाँ माइलस्टोन' (कोसेढुङ्गा) खडा गर्ने उद्देश्यका साथ विभिन्न ५ वटा मुख्य विषयलाई प्राथमिकतामा राखेर काम भइरहेको छ।


राखेर गृहकार्य भइरहेको मन्त्री डा. देवकोटाले बताए ।

मसिर मित्रै बहुवर्षिय ठेक्का

पूर्ण स्रोत सुनिश्चितता योजनाहरु अलपत्र पर्ने परिपाटी अन्त्य गर्ने मन्त्रालयले नीति लिएको छ। मन्त्री देवकोटाका अनुसार मसिर महिनामित्रै बहुवर्षीय ठेक्का लगाउने र स्रोत सुनिश्चितताको काम सम्पन्न गर्ने गरी गृहकार्य भइरहेको छ ।

"विगतमा पुलको जग हाल्ने तर रल्याब ढलान गर्ने बेला पैसा नपुग्ने समस्या देखियो। अब हामीले डीपीआर, वातावरणीय अध्ययन र आईई भएका योजनामा सुरूमै पूर्ण स्रोत सुनिश्चितता गरेर मात्र काम अघि बढाउँदैछौं " मन्त्री देवकोटाले भने। उनका अनुसार दूला भवनहरुमा पनि यही प्याकेज लागु हुनेछ ।

सडक सञ्जाललाई केवल हिँड्ने बाटो मात्र नभई आर्थिक उपार्जनको माध्यम बनाउने मन्त्रालयको योजना रहेको उनले जानकारी दिए । "सडक त बन्यो तर बजारका सामान बढी गाउँ प्रवेश गरे, गाउँको सामान सहर आउन सकेन" मन्त्री देवकोटाले भने, "सडकबाट गाउँमा 'चाउचाउ' त गयो, तर गाउँबाट फिर्ता आउने चिज केही भएन। अब हामी अन्य मन्त्रालयसँग समन्वय गरेर 'सडक र उत्पादन' कार्यक्रम लागु गर्दैछौं।"

प्रत्येक जिल्लामा 'प्रादेशिक गौरव'का सडक

मन्त्रालयले प्रदेशका १३ वटै जिल्लामा कम्तीमा एउटा सडकलाई 'प्रादेशिक गौरवको आयोजना'का रुपमा विकास गर्ने योजना अगाडि बढाएको छ। यसका लागि धादिङको रूबी भ्याली र सिन्धुपाल्चोकको पाँचपोखरीलाई जोड्ने गरी लगायतका रणनीतिक सडकहरुलाई प्राथमिकतामा मानव विकास सूचकाङ्क कम भएका पालिकालाई विशेष प्राथमिकता

प्रदेशभित्रका मानव विकास सूचकाङ्कमा सबैभन्दा पछाडि परेका तीन पालिकाहरुलाई मन्त्रालयले विशेष लक्षित गरेको छ। "११९ वटा पालिकामध्ये मानव सूचकाङ्कमा तल परेका सिन्धुलीको घ्याङलेख, धादिङको रूबी भ्याली र सिन्धुपाल्चोकको पाँचपोखरीलाई केन्द्रित गरेर डीपीआर बनाई स्रोत सुनिश्चितताका साथ काम अघि बढाउँदैछौं" उनले भने ।

जलवायु अनुकूलित पूर्वाधार

'हिउँदमा बाटो बन्ने र बर्खामा बग्ने' नियति रोक्न मन्त्रालयले प्राविधिक समाधान खोजेको छ। "डकोसिस्टम बेस्ड एडप्टेसन र बायो–इन्जिनियरिङ प्रविधिको प्रयोग गरेर दिगो पूर्वाधार बनाउन हामीले काम थालेका छौं," मन्त्री देवकोटाले भने । अब बन्ने संरचनाहरु जलवायु परिवर्तन अनुकूल हुने गरी निर्देशिका तयार गरिँदैछ।

क्षतिग्रस्त संरचनाको पुनर्निर्माण र बस्ती विकास

पछिल्लो समय भएका आन्दोलन र अन्य कारणले प्रदेश सरकारका भौतिक संरचनामा पुगेको क्षतिको विवरण संकलन गरी पुनर्निर्माणको टेन्डर प्रक्रिया सुरू भइसकेको मन्त्री डा. देवकोटाले जानकारी दिए। १० वटा बस्तीलाई छनोट गरी तीन वर्षे कार्यक्रम लागु गर्ने, दक्षिणकाली नगरपालिकालाई केन्द्रित गरी फोहोर मैला व्यवस्थापन गर्ने र हेटौंडा उपमहानगरपालिकासँगको सहकार्यमा व्यवस्थित 'ल्यान्ड पुलिङ' (जग्गा एकीकरण) आयोजना सञ्चालन गर्ने तयारी मन्त्रालयको छ।

'राजनीतिक दललाई बाहिर राखेर मुलुकमा स्थिरता आउँदैन'

○सहीखर संवाददाता



सिन्धुली। बागमती प्रदेशका मुख्यमन्त्री इन्द्र बहादुर बानियाँले राजनीतिक दललाई लामो समय बाहिर राखेर मुलुकमा स्थिरता ल्याउन नसकिने बताएका छन् । मुलुक र राजनीतिक दलको नेतृत्वमा अघि बढ्नुपर्ने भन्दै उनले निर्धारित समयमै चुनाव सम्पन्न गरेर गैर दलीय सरकार विदा हुनुपर्ने बताएका छन् ।

सिन्धुली उद्योग वाणिज्य संघको ३५ औं साधारण सभालाई सम्बोधन गर्दै मुख्यमन्त्री बानियाँले उक्त कुरा बताएका हुन् । "मुलुकको संघीय सरकार लामो समयसम्म जनप्रतिनिधिविहीन हुनु हुँदैन। समयमै निर्वाचन गराएर गैरदलीय सरकार बाहिरिनु पर्छ" उनले भने । जनप्रतिनिधिमूलक सरकार नहुँदाको अवस्था हेटौंडाका व्यवसायीले भरखरै भोग्नु परेको उनले बताए । "जनताका प्रतिनिधिहरुको सरकार नहुँदा हेटौंडाका घरधनी तथा व्यवसायीमाथि प्रहार भयो । यसअघि पनि पटक पटक सडक भत्काउने प्रयास भएको थियो । जनप्रतिनिधिमूलक सरकार लखेटेर नागरिकको नाममा गठन भएको सरकारले समाधानको बाटो नखोजी के गर्यो सबैले देखेकै छौं" उनले भने ।

प्रदेश सरकार गरिब किसान, विपन्न नागरिकलाई केन्द्रमा राखेर अघि बढिरहेको बताउँदै उनले शिक्षालाई प्राविधिक सीप दिएर मुलुकमै रोजगार सिर्जना गराउन प्रयासरत रहेको बताए । प्रदेश सरकार निजी क्षेत्रसँग मिलेर काम गर्न तयार रहेको बताउँदै उनले आगामी बजेट निर्माणको काम अघि बढ्नु अघि नै प्रस्तावहरु ल्याउन निजी क्षेत्रलाई आग्रह समेत गरे ।

प्रदेशको विशेष प्राथमिकता स्वास्थ्यमा

मुख्यमन्त्री बानियाँले स्वास्थ्यमा नागरिकको सहज पहुँच प्रदेश सरकारको विशेष प्राथमिकता रहेको बताएका छन् । सिन्धुलीको तीनपाटन गाउँपालिकामा नवनिर्मित नगर अस्पताल भवन उद्घाटन गर्दै मुख्यमन्त्री बानियाँले शिक्षा, स्वास्थ्यजस्ता विषयलाई संविधानले नै नागरिकका मौलिक अधिकारको रुपमा ग्यारन्टी गरेको भन्दै उनले प्रदेश सरकार मौलिक अधिकारलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न तत्पर रहेको बताए ।

"रोगमुक्त समाज, निरोगी नागरिक बनाउन प्रदेश सरकारले काम गरिरहेको छ" मुख्यमन्त्रीले भने । गणतन्त्र गरिबको व्यवस्था भएकोले युवा शक्तिलाई प्रविधिमैत्री बनाउँदै रोजगारी सिर्जना गरिने उनले बताए ।

तीनपाटन गाउँपालिकाका अध्यक्ष कर्ण थापा मगर ले सीमित स्रोतसाधनबीच पनि विकासका पूर्वाधार निर्माणलाई पालिकाले पहिलो प्राथमिकता दिएको बताए । पूर्वाधार विकाससँगै नागरिकलाई सीप विकासमा पनि ध्यान दिइएको अध्यक्षको भनाइ छ । नागरिकको आर्थिक समृद्धिका लागि पालिका मित्र कृषि, पशुपालन जस्ता क्षेत्र पहिचान गरी कार्यक्रम लागू गराइएको बनाए ।

करिब १३ करोड रुपैयाँको लगानीमा नगर अस्पताल भवन निर्माण भएको हो । कार्यक्रममा विधटित प्रतिनिधिसभा सदस्य श्याम घिमिरे, संविधानसभा सदस्य मोहन बराल, नेपाली कांग्रेस सिन्धुलीका पूर्वसभापति उज्वल बराल लगायत सहभागी थिए ।

मधुमेह (डायबिटिज) रोगबाट बचौं

मधुमेहले, ❖ शरीरका विभिन्न अंगमा क्षति पुयाउने,
❖ मुटु र मिर्गौलाले काम नगर्ने,
❖ अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

त्यसैले मधुमेहबाट बच्न

❖ शरीरको तौल सन्तुलित राखौ
❖ चिल्लो तथा चिनीजन्य परिकार कम खाओ,
❖ जङ्क फुड तथा तारेका, भुटेका पदार्थहरु नखाऔं
❖ धुम्रपान, मद्यपान नगरौ, नियमित व्यायाम गरौ,
❖ रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाज,
❖ प्रशोधित खानाहरु नखाऔं,
❖ तनाव यवस्थापन गरौ,
❖ नियमित स्वास्थ्य परीक्षण गरौं ।

इन्द्र सरोवर
गाउँपाललिका

कृषि उत्पादनमा आत्मनिर्भर बनौं

❖ कृषियोग्य जमिनमा खेती गरौं, बाँझो नराखौं,
❖ स्थानीय उत्पादनलाई बजारसम्म पुयाउन बजार संयन्त्रको विकास गरौं,
❖ कृषि उत्पादनको उचित मुल्य निर्धारण गरौं,
❖ आयातित वस्तुलाई प्रतिस्थापन गरौं,
❖ आधुनिक प्रविधि र सिँचाइ प्रणालीको प्रयोग गरी उत्पादन बढाऔं,
❖ कृषकलाई आवश्यक मल, वीउ समयमै उपलब्ध गराऔं,
❖ कृषकलाई सीप, तालिम र सहुलियत ऋण उपलब्ध गराऔं,
❖ कृषि सहकारी र समूह खेतीमार्फत सामूहिक खेतीमा आवद्ध होऔं,
❖ युवाहरूलाई कृषिमा आकर्षित गर्न नवीन अवसर र प्रविधि उपलब्ध गराऔं
❖ कृषि पेशाप्रति सम्मान र गौरव गरौं ।

कृषि उत्पादन बढाऔं, आत्मनिर्भर बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड